# *हिमालय सहकारी संस्था लि.*

*बैकिङ्ग कार्यालय, पुरानो बानेश्वर, काठमाडौं ।*

## *संस्थाको पच्चीसौं (२५औं) वार्षिक साधारणसभा बस्ने सूचना*

मिति २०७८/०५/१३ गते बसेको समितिको ३०८ औं बैठकको निर्णय अनुसार श्री नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागबाट मिति २०७८।०५।१ गते प्रकाशित सूचना बमोजिम मिति २०७७।०६।०१ गते सहकारी विभागबाट साधारण सभा संचालन सम्बन्धी जारी सूचना अनुसार नै आ.व २०७७।०७८ को साधारण सभा संचालन गर्न सकिने भए बमोजिम देहायका विषय सूचिहरुमा छलफल गर्न संस्थाको २५ औं वार्षिक साधारणसभा देहायको स्थान, मिति र समयमा बस्ने भएकोले सम्बन्धित् सबै शेयर सदस्यज्यूहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित् गरिएको छ ।

*क) स्थान : संस्थाको कार्यालय, हिमालय सहकारी भवन, देवकोटा सडक, पुरानो बानेश्वर-१०, काठमाडौं ।*
*मिति : २०७८ साल आश्विन १६ गते शनिबार ।*
*समय : विहान ११:३० बजे ।*

*ख) छलफलका विषय सूचि :*

१) संचालक समितिको तर्फबाट अध्यक्षले आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन पेश गर्ने;
२) संस्थाको लेखा समितिबाट प्रतिवेदन पेश गर्ने ;
३) लेखापरीक्षक श्री एन.वि.रोकाया एण्ड एसोसिएट्सको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को नाफा/नोक्सान हिसाब र वासलात अनुमोदनका लागि पेश गर्ने ;
४) प्रस्तुत भएका प्रतिवेदनहरु छलफल गरी पारित गर्ने ;
५) आ.व.२०७७/०७८ को नाफाबाट बाँडफाँड भई शेयर लाभांश कोषमा सारिएको रकम मध्येबाट शेयर सदस्यहरुलाई अन्तरिम लाभांश वापत ६.१०% (छ दशमलव दश प्रतिशत) का दरले संस्थाबाट वितरित रकमको समर्थन गर्ने ;
६) आ.व.२०७८।०७९ का लागि संस्थाको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने ।
७) संस्थाको नियमित कारोबार संचालन गर्न समितिले आ.व.२०७७/०७८ मा गरेका सम्पूर्ण निर्णयहरु समर्थन गर्ने ;
८)आ.व.२०७८/०७९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ;
९) संस्थाको विद्यमान विनियमलाई सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६ तथा नियमावली २०७६ एवं सहकारी मापदण्ड २०७७ बमोजिम पूनर्लेखन, परिमार्जन तथा समायोजन गरी संस्थाको विनियम संशोधन सिफारिस उपसमितिबाट तयार गरी मिति २०७८।०४।२६ मा बसेको ३०५औं संचालक समितिको बैठकबाट सिफारिस गरिएको संस्थाको विनियम २०७८ स्वीकृत गर्ने ;
१०) साधारणसभाको निर्णय पुस्तिकामा शेयरधनीका तर्फबाट दस्तखत गरी प्रमाणित गर्न आठ जना सदस्यहरुको मनोनयन गर्ने ;
११) निर्वाचन अधिकृतको सुचना अनूसार संस्थाको आगामी चार वर्षे कार्यकालको लागि संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन कार्यक्रम ;
१२) विविध :

*पुनश्चः*

१. निर्वाचन कार्यक्रम सम्बन्धी विस्तृत तालिका संस्थाको सूचना पाटीमा टाँस गरिनेछ ।

२. यस साधारणसभामा गत वर्ष जस्तै संस्थाले सदस्य / सदस्यका छोरा-१ र छोरी -१ गरी २ जनालाई छात्रवृत्ति समेत प्रदान गर्ने भएकोले सो सम्बन्धी विस्तृत सूचना संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।

३. सदस्यज्यूहरुको सुविधाको लागि २०७८ आश्विन ४ गते सोमवारदेखि २०७८ आश्विन १५ गते शुक्रबारसम्म कार्यालयको भवनमा विहान ११ बजेदेखि अपरान्ह २ बजेसम्म र आश्विन १६ गते विहान १०:३० बजेदेखि उपस्थिति पुस्तिका खुल्ला राखिनेछ ।

४. नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डको पूर्ण पालनाका लागि उपस्थित् हुनुहुने सम्पूर्ण सदस्य महानुभावहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नुहुन, भौतिक दुरी कायम गर्नहुन, साबुन पानी वा स्यानिटाइजर प्रयोग गर्नका लागि अनुरोध गर्दछौं ।

*हिमालय सहकारी संस्था लि.,*
*बैकिङ्ग कार्यालय*
*पुरानो बानेश्वर, काठमाडौं*
*फोन नं. ४४८७७२६, ४४६०८३९,४४६०१०६*